# झापा गाउँपालिका

## टाघनडुब्बा, झापा

# बार्षिक बजेट

## आर्थिक वर्ष २०७७०७८

**प्रस्तुतकर्ता**

## कुन्तिदेवी बुढाथोकी

उपाध्यक्ष

## मिति : २०७७०३।१०

झापा गाउँपालिका

आदरणीय सभाध्यक्षज्यू, सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु , झापा गाउँपालिकाको विकास र समृद्धिको ऐतिहासिक दस्तावेज यस गरिमामय सभामार्फत प्रस्तुत गर्न पुनः एकपटक म यहाँहरुमाझ उपस्थित भएकी छु । गणतन्त्र र संघीयताको परिणामको यो अवस्थामा मुलुकलाई ल्याई पुऱ्याउन बलिदान गर्नुहुने महान् सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु, साथै घाइतेहरुप्रति सम्मान व्यक्त गर्दै शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

सभाध्यक्ष महोदय, स्थानीय तहको निर्वाचन पश्चात् निर्वाचित हामीमार्फत यस गाउँसभामा तीन वर्षको बजेट पेश भई सकेको र कार्यान्वयन भइसकेको छ । आज म पहिलो कार्यकालको चौथो बार्षिक बजेट प्रस्तुत गर्न गई रहेको छु । यस सन्दर्भमा हामीले निर्वाचनमार्फत बाडेको गाउँपालिकाको विकासको सपना पूरा गर्न समयको उत्तरार्धमा प्रवेश गरि सकेका छौँ । विगतका तीन आर्थिक वर्षमा भएका विकासका योजना तथा कार्यक्रमलाई थप व्यवस्थित बनाउँदै गाउँपालिकालाई दिगो पूर्वाधार युक्त एवं सम्भावना युक्त गाउँपालिका बनाउन अब ढिला गर्ने, आलटाल गर्ने, समय नरहेको यहाँहरु माझ पुनः स्मरण गराउन चाहन्छु । हामीले हालसम्म विनियोजन गरेको बजेट मार्फत सञ्चालित योजनाहरुले यस गाउँपालिकाको  नागरिकको जीवनस्तरमा आएको परिवर्तन तथा समग्र मानवविकास आएका सुधार , अन्य स्थानीय सरकार र  हाम्रा विकासका प्रयासका समानता र नयाँपन , हामीले लिएका नीति तथा कार्यक्रमले समृद्ध नेपाल सुखी नेपालको राष्टिय अभियानमा पुगेको योगदानको सन्दर्भ आदि  विषयहरुलाई समीक्षा गर्दै  अगाडि बढ्नुपर्ने समय आएको छ ।

सभाध्यक्ष महोदय,

अहिले कोरोना भाइरसको विश्वव्यापी महामारीका कारण  समग्र अर्थतन्त्र नै प्रभावित बनेको छ । नेपालमा समेत यस महामारीका कारण सबै विकासका आयोजनाहरु प्रभावित बनेको अवस्था छ । राज्यका सबै शक्ति र संयन्त्र नै यस महामारी विरुद्ध परिचालित हुनुपरेको छ । सबै तहका सरकारहरु यसको असरबाट कसरी मानवजगतलाई सुरक्षित राख्ने र सुस्ताएको अर्थतन्त्रलाई चलायमान बनाउने भन्ने ध्यानमा केन्द्रीत भएको अवस्था छ । यस महामारीको असरका कारण संघीय सरकार र प्रदेश सरकार तथा अन्य विकासका साझेदारहरुबाट यस गाउँपालिकाको विकास र समृद्धिका लागि प्रतिबद्धता करिब ५ करोड बराबरको यस गाउँपालिकाको बजेटका योजना तथा कार्यक्रम प्रभावित बजेको अवस्था छ । यसबाट हाम्रो बजेटमा कत्तिको असर परेको छ , हामी सहजै अनुमान गर्न सक्छौ ।

सभाध्यक्ष महोदय,

नेपालको संविधानले हामीलाई दिएको अधिकारको प्रयोग र कार्यान्वयन गर्न समक्ष बन्दै जानु आजको अर्को सबै भन्दा प्रमुख चुनैती बन्दै गएको छ । संघीय एवं प्रादेशिक सरकारको अनुदानमा यस गाउँपालिकाको विकास आज सम्म निर्भर रहेको छ । यसो हुनाले गाउँपालिकाको सर्वपक्षीय विकासलाई ठोस रुपमा अघि बढाउन नसकिएको अबस्था छ । नमूना योग्य विकासका प्रयास हुँदाहुँदै पनि पर्याप्त बजेट अभावका कारण हामी हाम्रा प्रयास दिगो र आम जनमानसमा अनुभूति हुने किसिमले देखाउन सकेका छैनौं । करौडौं रकम बराबरको बजेट विनियोजन भई रहँदासमेत आज हामी स्वयम्

जनप्रतिनिधि एवं आम नागरिकले कष्टप्रद अनुभूती गरि रहेको स्पष्ट छ । हामीले गरेका विकासका प्रयासहरुले जनतामा परिवर्तनको अनुभूति हुन जरुरी हुन्छ । यसर्थ  हाम्रो तत्कालीन समयलाई आफ्नो कार्यकाल मात्रै सोच्दै गरिने विकासको शैलीलाई अझ परिवर्तन गरी दीर्घकालीन बनाउनु पर्ने भएको छ ।

सभाध्यक्ष महोदय एवं गाउँसभा सदस्य ज्यूहरु,

आगामी आ.व. २०७७/०७८ को वार्षिक बजेट प्रस्तुत गर्नु पूर्व म चालु आ.व. को हाल सम्मको बजेट कार्यान्वयनको समीक्षा गर्न चाहन्छु ।

चालु आ.व. २०७६/७७ का लागि गत वर्ष २०७६ साल असार १० र २३  गते यही सम्मानित गाउँसभाबाट विनियोजित कुल रकम रु ३६ करोड १० लाख ३० हजार मिति २०७७ असार ०९ सम्म पुजीगततर्फ ५० प्रतिशत र चालु तर्फ करिब ५७ प्रतिशत खर्च भएको छ । कोरोना महामारीका कारण मुलुक नै विगत ३ महिनादेखि लकडाउनको अवस्थामा रहेकाले यस आर्थिक वर्षको अन्त्यसम्ममा थुप्रै पुजीगततर्फका योजनाहरु प्रभावित हुने र करिब ७० प्रतिशतमात्रै खर्च हुने र चालुतर्फका कार्यक्रम समेत ८० प्रतिशतमात्र सम्पन्न हुने अनुमान छ ।

सभाध्यक्ष महोदय,

निर्वाचनमार्फत  यस गाउँपालिकाको विकासको नेतृत्व लिएपश्चात गाउँपालिकाको समग्र विकासमा उल्लेख्य सुधार ल्याएको छ । सडक पूर्वाधारहरुको तीब्र विकास, भौतिक सुधारका थुप्रै योजनाहरु, स्वास्थ्य क्षेत्रको सुधार, जनताको गाँस वास र जनजीविकाका सवालमा गाउँपालिकाले सुरुवात गरेका दर्जनौ कार्यक्रमहरुले  गाउँपालिकाको मुहार फेरिने ऋममा छ । हालसम्म २ वटा पक्की पुल निर्माण सम्मन्न भएका छन भने २ वटा निर्माणको ऋममा छन् । ३ वटा ट्रस्ट पुल निर्माणको कममा छन् ।

सभाध्यक्ष महोदय ,

हालसम्म ७ किलोमिटरभन्दा बढी सडक कालोपत्रे भएका छन भने करिब १५ किलोमिटरका सडक कालोपत्रे हुने ऋममा छन् । २१ किलोमिटर सडक कालोपत्रे निर्माणका लागि डिपिआर तयारी पुरा भएको छ । स्वास्थ्य तर्फ ४ वटा भवन निर्माण भईसकेको छ, विभिन्न स्थानमा सार्वजनिक शौचालय ४ वटा, किर्तन मण्डली भवन , ज्येष्ठ नागरिक भवन, कृषि टहरा निर्माण, बाल विकास भवन निर्माण, खोप केन्द्र भवन निर्माण, विभिन्न विद्यालयका भवनहरु, तथा धार्मिक सांस्कृतिक भवन संरचनाहरुसमेत निर्माण भएका छन् । शिक्षा स्वास्थ्य कृषि तथा पशुपन्छी लगायतका विषयगत क्षेत्रको सबलीकरणका लागि हामीले चालेका कदमहरुले जनताले विकासको लहर फैलाउन स्थानीय सरकार क्रियाशील र प्रतिबद्ध छ भन्ने महसुस गरेको मेरो बुझाई छ । गाउँकार्यपालिकाको कार्यालय, वडाकार्यालय , स्वास्थ्य संस्था तथा अन्य विषयगत शाखाका सेवाहरु हिजोभन्दा आज छरितो र गुणस्तरीय भएको छ ।  यति हुदाँहुदैपनि आर्थिक सामाजिक रुपले पछि परेका लक्षित वर्गको पक्षमा थप व्यवस्थित योजना तथा कार्यक्रम ल्याउनपर्ने, दिगो पुर्वाधार निर्माणमा जोड दिनुपर्ने, पूर्वाधार विकास सगैं अन्य विकासका

सवालमा समेत बजेट तथा कार्यक्रमले सम्बोधन गर्नुपर्ने, वितरणमुखी बजेटलाई सामाजिक न्याय र समताका आधारमा लक्षित वर्गलाई समेट्नुपर्ने, समावेशी र सबै विषयगत क्षेत्रलाई समेट्दै सन्तुलित कार्यक्रम ल्याउनुपर्ने सुझाव आम नागरिक तथा सरोकारवालाहरुबाट समयसमयमा प्राप्त हुनेगरेको छ । तसर्थ आगामी आर्थिक वर्षमा उल्लेखित सुझावलाई मध्यनजर गर्दै हामीले सकेसम्म सोहिअनुरुपका योजना तथा कार्यक्रमहरु सम्बोधन गर्नुपर्ने देखिएको छ ।

सभाध्यक्ष महोदय अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को बजेट निर्माण गर्न लिएका आधारहरु राख्ने अनुमति चाहन्छु

- नेपालको संविधान
- संघीय सरकार तथा प्रदेश सरकारका आवधिक योजना
- स्थानीय सरकार संचालन ऐन २०७४
- संघीय तथा प्रदेश सरकारका विभिन्न समयका परिपत्र तथा मार्गदर्शन
- विभिन्न समयमा गाउँपालिकामा राजनीतिक दल, स्थानीय सरोकारवाला, नागरिक समाज, तथा आम उपभोक्ताहरुको भेलाका निर्णय तथा प्राप्त सुझावहरु
- गाउँपालिकाले विभिन्न विकासका साझेदारहरुसँग गरेका प्रतिबद्दताहरु
- विभिन्न विषयगत क्षेत्रका नीति तथा नियमहरु
- संघीय तथा प्रदेश संसदका प्रतिनिधिज्युहरुको सल्लाह तथा सुझावहरु आदि ।

सभाध्यक्ष महोदय,

अब म आ.व. २०७७/७८ को यस गाउँपालिकाको बजेटको प्रमुख विशेषता प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१. **सोच** : झापा गाउँपालिकालाई शान्त, समृद्ध एंव पूर्वाधारयुक्त गाउँपालिकाको रुपमा स्थापित गर्ने ।

२. **लक्ष्य** : आ.व २०७७/७८ भित्र यस गाउँपालिकाको भौत्तिक एंव सामाजिक विकासमा आम नागरिकहरुले प्रत्यक्ष अनुभुति गर्ने स्थितिको सिर्जना गर्ने ।

३. **उद्देश्य**

**झापा गाउँपालिकाको दृष्टि : कृषि, स्वास्थ्य र पूर्वाधारमार्फत समृद्धि** भन्ने मुल नारासहित गाउँपालिकाबासीको जीवनस्तरमा सुधार ल्याई विकासको प्रतिफल हासिल गराउँदै परिवर्तनको प्रत्यक्ष अनुभुति गराउने यस बजेटको प्रमुख उद्देश्य हुनेछ ।

**सहायक उद्धेश्यहरु :**

झापा गाउँपालिका

- सडक यातायातलाई दिगो बनाउदै ग्रामीण सडकको स्तरोन्नती गर्ने साथै भौतिक पूर्वाधार विकासलाई जोड दिने ।
- गाउँपालिकाभित्र स्वास्थ्य तथा शिक्षा क्षेत्रमा गुणात्मक सुधार गर्दै गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षाको प्रत्याभूति दिलाउने ।
- कृषि आधुनिकीकरण तथा रोजगारी प्रवर्द्धन ।
- शान्त, सहिष्णुतायुक्त र सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण गर्ने ।
- गाउँपालिकाको सेवा प्रवाह छरितो, पारदर्शी तथा जवाफदेही बनाउदै जनताको घरदैलोको सरकारको प्रभावकारीता अभिवृद्धि गर्ने ।

४. प्राथमिकता

आ.व २०७७/७८ को बजेटको प्राथमिकता क्षेत्रहरु निम्न बमोजिम रहेका छन् ।

- सडक तथा अन्य भौतिक पूर्वाधार निर्माण
- स्वास्थ्य, शिक्षा तथा लक्षित वर्गको विकास
- कृषि तथा पशुपन्छी क्षेत्रको आधुनीकिकरण
- सामाजिक न्याय तथा समानता सहितको समाज निर्माण
- गुणस्तरीय सेवाप्रवाहमार्फत सुशासन प्रर्वद्धन ।

सभाध्यक्ष महोदय,

सीमित पुंजीगत विकास बजेटबाट अनेकौ क्षेत्रका विकासका इच्छा आकाङ्क्षा परिपूर्ति गर्नुपर्ने हाम्रो बाध्यता छ । गर्भदेखि मृत्युपर्यन्तको व्यवस्थापनको जिम्मा हामी माझ आएको छ र हामीले त्यो गरिरहेका छौं । त्यसकारण पनि यो बजेट विनियोजन गर्ने कार्य असाध्यै जटिल र चुनौतीपूर्ण रहेकको म स्वीकार गर्दछु । संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त सर्शत अनुदानका कार्यक्रम र चालु खर्च कुल बजेटको दुई तिहाईभन्दा बढी हुने हुँदा हाम्रो आवश्यकतानुरुपको पुंजीगत विकास बजेट करिब एक तिहाई मात्रै हुने हुन्छ । यसर्थ कुल बजेटको आकार ठुलो देखिएता पनि तपाई हामीलाई प्राप्त विकास बजेटको हिस्सा न्यून रहेकाले सबै वडाबाट, विषयगत समितिबाट, एवं अन्य पक्षबाट माग भएको योजना तथा कार्यक्रमलाई बजेट विनियोजन गर्न नसकिएको व्यहोरा म यहाँहरु माझ सादर जानकारी गराउन चाहन्छु ।

सभाध्यक्ष महोदय,

२०७७ साल असार ०६ गते यस गरिमामय सभामा प्रस्तुत भएको गाउँपालिकाको नीति तथा कार्यक्रमलाई यस बजेटले सकेसम्म सम्बोधन गर्ने र कार्यक्रमलाई सोही अनुरुप बजेट विनियोजन गरेको विश्वास दिलाउन चाहन्छु । अब म आ.व. २०७७/०७८ को बार्षिक बजेटको विस्तृत विवरण सार्वजनिक गर्न गईरहेको छु ।

**आयतर्फ**

१. संघीय राजश्व बाँडफाँड : रु ८ करोड ८ लाख ५८ हजार

२. संघीय सशर्त अनुदान : रु १९ करोड २४ लाख

३. संघीय समानीकरण अनुदान : रु १२ करोड

४. प्रदेश समानीकरण अनुदान : रु ७२ लाख १२ हजार

५. प्रदेश राजश्व बाँडफाड :रु ४६ लाख ४३ हजार

६. आन्तरिक आय : रु १ करोड ५० लाख

**जम्मा आय (अनुमानित) : रु ४२ करोड ११ लाख १३ हजार मात्र ।**

यसरी कुल विनियोजन रु ४२ करोड ११ लाख १३ हजार रहेको छ र यसलाई मैले झापा गाउँपालिकाको आर्थिक विधेयक २०७७ मा प्रस्तुत गरेको छु र यसको विस्तृत विवरण , कर, दस्तुर, जरिवानाका दरहरु आर्थिक विधेयकको अङ्गको रुपमा पेश गरेको छु ।

**व्ययतर्फ**

उल्लेखित आयका आधारमा झापा गाउँपालिकाको विनियोजन विधेयक २०७७/०७८ देहाय बमोजिम प्रस्तुत गरेको छु ।

१. चालु खर्च : रु ५ करोड २२ लाख

२. पुजीगत खर्च :

- आर्थिक विकास : रु ६९ लाख
- पूर्वाधार विकास : रु १४ करोड ४६ लाख ३३ हजार
- वन वातावरण विपद तथा सरसफाई : रु ५ लाख
- संस्थागत विकास , सेवा प्रवाह तथा सुशासन : रु ३६ लाख ५० हजार

झापा गाउँपालिका

- सामाजिक विकास : रु २ करोड ८ लाख ३० हजार
- संघीय सशर्त अनुदान : रु १९ करोड २४ लाख

**जम्मा व्यय (अनुमानित) : रु ४२ करोड ११ लाख १३ हजार**

विनियोजन विधेयकाका शीर्षकगत बाँडफाँड देहायबमोजिम विस्तृत गरेको छु।

१. चालु खर्च शीर्षकका सम्पूर्ण क्रियाकलापहरुका लागि एकमुष्ट रु ५ करोड २२ लाख विनियोजन गरेको छु।

| क.सं. | चालु खर्चको बाडफाड | रकम रू हजारमा |
|---|---|---|
| | | आ.व. २०७७/०७८ |
| १ | अनुगमन मूल्याङकन खर्च | ५०० |
| २ | भ्रमण खर्च | १००० |
| ३ | विविध खर्च | १५०० |
| ४ | सभा सञ्चालन खर्च | ७५० |
| ५ | घर भाडा | ७०० |
| ६ | सवारी साधन मेसिनरी | १००० |
| ७ | भैपरी आउने चालु खर्च | ८०० |
| ८ | गाउँपालिका वडा कार्यालय, विषयगत शाखा कार्यालय आदिको अर्धवार्षिक तथा वार्षिक समिक्षा गोष्टि | ३०० |
| ९ | अध्ययन अनुशन्धान तथा अवलोकन भ्रमण कार्यक्रम खर्च | ५०० |
| १० | उपभोक्ता समिती अभिमुखिकरण कार्यक्रम | २०० |
| ११ | ऐन, नियम, कार्यविधि लागयत कानुन निर्माण सम्बन्धि विभिन्न कार्यक्रमहरू | ३०० |
| १२ | कार्यक्रम खर्च अन्य | १५०० |
| १३ | वडा स्तरिय चालु खर्च | २८०० |
| १४ | इनधन | १२०० |

| | | |
|---|---|---|
| १५ | सवारी साधन मर्मत खर्च | ७०० |
| १६ | विमा तथा नविकरण खर्च | १७५ |
| १७ | मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ७०० |
| १८ | मसलन्द तथा कायलय सामाग्री | २००० |
| १९ | पुस्तक तथा सामाग्री खर्च | १०० |
| २० | इन्धन अन्य प्रयोजन | १०० |
| २१ | पत्र पत्रिका, छपाई तथा सुचना प्रकाशन खर्च | १८०० |
| २२ | सेवा र परार्मश खर्च | १२०० |
| २३ | अन्य सेवा शुल्क, करार कर्मचारी तलब, महंगी भत्ता, चाडपर्व खर्च, पोशाक खर्च | ९००० |
| २४ | स्थायी कर्मचारी तलब | ११००० |
| २५ | पोशाक | ५५० |
| २६ | महंगी भत्ता | ६०० |
| २७ | कर्माचारी बैठक भत्ता | २५० |
| २८ | अन्य भत्ता | ७०० |
| २९ | पदाधिकारी बैठैक भत्ता | २००० |
| ३० | पदाधिकारी अन्य सुविधा | ६००० |
| ३१ | कर्मचारी कल्याण कोष | १३०० |
| ३२ | पानी तथा विजुली | २७५ |
| ३३ | सञ्चार | ७०० |
| **जम्मा** | | **५२२००** |

२. पुजीगत खर्च शीर्षकका योजना तथा कार्यक्रमहरुका लागि देहायबमोजिमको बजेट विनियोजन गरेको छु ।

| | |
|---|---|
| **आर्थिक विकास** | |
| **कृषि तथा सहकारी विकास** | |
| सहकारी विकास | ८ लाख |
| माटो परिक्षण | २ लाख |
| उन्नत बिउ बिजन | ३ लाख |
| कृषक तालिम | २ लाख |

झापा गाउँपालिका

| | |
|---|---|
| प्लाष्टिक टनेल वितरण | २ लाख |
| कुटी काट्ने मेशिन खरिद तथा वितरण | २ लाख |
| मकै छोडाउने मेशिन वितरण | ४ लाख |
| कृषि विकास साझेदारी अनुदान | ५ लाख |
| कृषिको लागि विद्युत विस्तार | ३० लाख |
| **पर्यटन** | २ लाख |
| **पशु सेवा विकास** | |
| नश्ल सुधार कार्यक्रम | ५ लाख |
| पशु आहारको लागि घासको विउ वितरण | २ लाख |
| पशुरोग नियन्त्रण | २ लाख |

**आर्थिक विकासका समग्र योजनाहरूका लागि रू ६९ लाख विनियोजन गरेको छु ।**

| **पूर्वाधार विकास** | |
|---|---|
| वडा स्तरीय आयोजना ५० लाखका दरले | ३ करोड ५० लाख |
| गाउ स्तरीय गौरवका आयोजना | ७ करोड |
| समपुरक कोष | ६५ लाख |
| सानातिना मर्मत | ५० लाख ३३ हजार |
| आकस्मिक कोष | ५० लाख |
| विपन्न आवास कार्यक्रम | ६० लाख |
| गाउपालिका तथा वडा स्तरीय कार्यालय भवन | १ करोड ५० लाख |
| आवधिक योजना तथा सम्भाव्यता अध्ययन आई.ई.ई., डि.पि.आर. लगायत विभिन्न आयोजनाहरू तथा कार्यक्रमका लागि परामर्श सेवा | २१ लाख |

**पूर्वाधार विकासका समग्र योजनाहरूका लागि रू १४ करोड ४६ लाख ३३ हजार विनियोजन गरेको छु ।**

**यस अन्तर्गत सातै वटा वडालाई न्युनतम १ करोड पर्ने गरि एकमुष्ट रू ७ करोड झापा गौरवका आयोजना अन्तर्गत देहायको कालोपत्रे योजना विनियोजन गरेको छु ।**

| **वडा नं.** | **गौरवका आयोजनाहरु** |
|---|---|
| १ | सालमारा देखि सितुमारी सम्म कालोपत्रे |

झापा गाउँपालिका

| | |
|---|---|
| २ | वालुवाटार देखि निखिल चौक सम्म र लक्ष्मी मार्ग देखि इन्द्र खतिवडाको गाउँ हुदै जुडो स्कुल सम्म कालोपत्रे |
| ३ | फुलगाछी देखि सिमलवाडि हुँदै निखिल चौक हुँदै कामाटोलि बजार सम्म कालोपत्रे |
| ४ | विलास मिस्त्रीको घर्पुर्व वच्युटोल र प्रेम सुब्बाको घर उत्तर पल्टन वस्ती हुँदै हुलाकी मार्ग सम्म कालोपत्रे |
| ५ | पुरानो शरणामती राम व्रिक्सको घरदेखि होक्लावारी सम्म  कालोपत्रे |
| ६ | वियर फ्याक्ट्रीदेखि थापा चौक हुँदै किरांत चौक सम्म कालोपत्रे |
| ७ | फुलगाछी चौक देखि वियर फ्याक्ट्री र मदरगाछ वजारको मलामी सडक देखि वडा कार्यालय सम्म कालोपत्रे |

| **वन, वातावरण तथा सरसफाई** | |
|---|---|
| वन तथा वृक्षारोपण | २ लाख |
| फोहोरमैला तथा सरसफाई व्यवस्थापन | ३ लाख |

**वन, वातावरण तथा सरसफाईका समग्र योजनाहरूका लागि रू ५ लाख विनियोजन गरेको छु । साथै विपद व्यवस्थापन कोषमा आवश्यक रकमको व्यवस्था गरेको छु ।**

| **संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन** | |
|---|---|
| वडा तथा कार्यालयका लागि फर्निचर | ५ लाख |
| विद्युतिय शासन विकास | ३ लाख |
| सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई | १ लाख |
| डिजिटिल सेवा वडापत्र व्यवस्थापन | ३ लाख |
| मेसनरी औजार | ४ लाख |
| कर्मचारीहरूको सूचना प्रविधि, खरिद तथा कार्यालय व्यवस्थापन सम्बन्धी तालिम | ४ लाख |
| जनप्रतिनिधि तथा कर्मचारी सकारात्मक सोच उद्घोषण तथा क्षमता विकास कार्यक्रम | २ लाख |
| सुरक्षा व्यवस्थापन तथा सहयोग | ३ लाख |
| विभिन्न क्षेत्रगत विषयका कानून तर्जुमा | २ लाख |
| न्यायीक समिति तालिम | ४ लाख |

| | |
|---|---|
| मेलमिलाप समिति कार्यालय व्यवस्थापन तथा विविध | ३ लाख ५० हजार |
| न्यायीक समिति अध्ययन, अवलोकन तथा विविध खर्च | १ लाख |
| न्यायीकक समिति सचिवालय खर्च | १ लाख |

**संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनका समग्र योजनाहरूका लागि रू ३६ लाख ५० हजार विनियोजन गरेको छु ।**

| **सामाजिक विकास** | |
|---|---|
| **शिक्षा विकास तथा सुधार** | |
| शिक्षा विकास | १० लाख |
| मदरसा व्यवस्थापन तथा पूर्वाधार सुधार | २३ लाख |
| कक्षा ११ सामुदायिक विद्यालय जनता मा.वि. डिल्लिराज मा.वि. का लागि निशुल्क शिक्षा कार्यक्रम | १२ लाख |
| कक्षा ९ मा अध्ययन गर्न भर्ना हुने छात्राको लागि | १५ लाख |
| विद्यालय संचालन अनुदान | ४ लाख |
| विभिन्न प्रकारका छात्रवृत्ति कार्यक्रम | ५ लाख |
| बालविकास शिक्षक, शिक्षिका र कर्मचारी प्रतिवर्ष शिक्षक शिक्षिका र विद्यालय कर्मचारी प्रोत्साहन | ७ लाख |
| | |
| **स्वास्थ्य सेवा सुधार** | |
| कोरोना भाइरस व्यवस्थापन | ५ लाख |
| स्वास्थ्य जीवन तथा योग, ध्यान, विपसना | १ लाख |
| आयुर्वेद सेवा कार्यक्रमहरू | ३ लाख |
| विपन्न वर्गका लागि स्वास्थ्य बिमा कार्यक्रम | ३ लाख ५० हजार |
| उपाध्यक्ष बाल तथा मातृ शिशु स्याहार कार्यक्रम जिरो होम डेलिभेरीका लागि प्रति सुत्केरी रू १००० रेफर बिरामीको लागि एमबुलेन्स सेवा | ४ लाख |
| ल्याब सामाग्री व्यवस्थापन | ३ लाख ५० हजार |

| | |
|---|---|
| स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य चौकीको मर्मत तथा फर्निचर तथा अन्य पक्षको सुधार | ३ लाख |
| जनता उपचार कार्यक्रम | ३ लाख |
| म.स्वा.स्वं.से. प्रोत्साहन मासिक रू २००० का दरले | ७ लाख |
| औषधी खरिद | ५ लाख |
| स्वास्थ्यकर्मीहरूको क्षमता विकास तालिम | २ लाख |
| | |
| **युवा तथा खेलकुद** | |
| अध्यक्ष कप फुटबल, भलिबल, क्रिकेट | ६ लाख ५० हजार |
| उपाध्यक्ष खेलकुद विकास कार्यक्रम | १ लाख ५० हजार |
| खेलकुद विकास कार्यक्रम | ५ लाख |
| युवा उद्यमशिलता प्रवर्द्धन तथा विकास | ४ लाख |
| खेलाडी सम्मान तथा अन्य कार्यक्रम | १ लाख |
| झापा गाउपालिका स्तरीय राष्टपति रनिंग सिल्ड | १ लाख |
| **महिला, सुत्केरी सहायत रू १५०० का दरले, मधेसी, मुस्लिम, दलित, जनजाति क्षमता विकास** | **२० लाख** |
| **ज्येष्ठ नागरिक भत्ता वितरण ( ८४ वर्ष माथि विदुर एकल भत्ता तथा अन्य कार्यक्रम )** | **१७ लाख** |
| **बालबालिका** | |
| | |
| दलित जन्म दर्ता सहयोग रू १००० | ५० हजार |
| बालबालिकासग अध्यक्ष तथा उपाध्यक्ष कार्यक्रमक | १ लाख |
| दिवस तथा अन्य कार्यक्रम | ५० हजार |
| विद्यार्थी भर्ना अभियान र बाल क्लब व्यवस्थापन | ५० हजार |
| आदिवासी नेता तुलसा हेमरन नाममा पुरस्कार तथा छात्रवृत्ति | ८० हजार |
| शहिद परिवार सम्मान कार्यक्रम | १ लाख |
| | |
| **अपांग शसक्तिकरण कार्यक्रम** | **३ लाख** |
| **धर्म संस्कृति परम्परा जगेर्ना** | **५ लाख** |
| **द्रोणाचार्य स्मृति प्रतिष्ठान नेपाल केन्द्रिय कार्य समिति भद्रपूर झापा** | **१ लाख** |

| | |
|---|---|
| कनकाई तुलसा हेमरम प्रतिष्ठान | १ लाख |
| सर्पदंश उपचार सहायता कनकाई र चारआलीमा उपचार केन्द्रसग समन्वय गरी | ५ लाख |
| विपन्न वर्गलाई रेडक्रस झापाको साझेदारीमा रक्तदान कार्यक्रम | ५ लाख |
| जन्म तथा मृत्यु संस्कार सहायता | १२ लाख |

**सामाजिक विकासका समग्र योजनाहरूका लागि रू २ करोड ८लाख ३० हजार विनियोजन गरेको छु ।**

**सभाध्यक्ष महोदय , अब म आ.व ७७।७८ का वडास्तरीय विभिन्न योजना तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु ।**

**झापा गाउपालिका वडा नं. १**

| **क्र.स.** | **योजनाको नाम** | **रू अक्षरमा** |
|---|---|---|
| १ | अमरसिंह प्रा.वि. देखि सितुमारी जाने बाटो ग्राभेल | ५ लाख |
| २ | रंजित मीयाको घरदेखि मिलनबस्ती जाने बाटो ग्राभेल | ५ लाख |
| ३ | लसुनगंज देखि सालमारा जाने बाटो ग्राभेल | ५ लाख |
| ४ | वडा भित्र मर्मत कार्य गर्न | ५ लाख |
| ५ | शेर्माको घर देखि ढाकाटोपीको सम्म नयाँ बाटो ग्राभेल | १.५ लाख |
| ६ | कृषिबाटो देखि पिपल बोट नयाँ बाटो ग्राभेल गर्न | २ लाख |
| ७ | सितुमारी पैनी मर्मत | १.५ लाख |
| ८ | कल्भर्ट देखि घल्लु मियाको घरसम्म जाने बाटो ग्राभेल | १ लाख |
| ९ | मस्जिद घेराबारा (मोहसिवको घरछेउ) | २ लाख |
| १० | वेलैतीवारी र सितुमारी ग्राभेल निमार्ण | १.५ लाख |
| ११ | महिला सिप विकास कार्यक्रम | १ लाख |
| १२ | आदिवासी, जानजाती, पिछडा, उत्थान | १ लाख |

झापा गाउँपालिका

| | | |
|---|---|---|
| १३ | शिव मन्दिर दक्षिण डिल्ली यादवको घर सम्म बाटो ग्राभेल | १ लाख |
| १४ | सुभान मीया र रमेश यादवको घर सम्म बाटो ग्राभेल | १.५ लाख |
| १५ | सामुदायिक र संस्थागत वालविकास केन्द्र खेल सामाग्री खरिद | २ लाख |
| १६ | मिलनवस्ती वाल विकास भवन निमार्ण | १ लाख |
| १७ | मुवारक मस्जीत निमार्ण | १ लाख |
| १८ | सतसंग मन्दिर जाने बाटो ग्राभेल | १ लाख |
| १९ | वेलाइतीवारी ग्रामथान घेरावारा | १ लाख |
| २० | वडा भित्रका विद्यालय सुधार योजनाको लागि प्रति विद्यालय १/१ लाख | ४ लाख |
| २१ | नेपाल रेडक्रस कुमरखोद र साना किसान कृषि स.स. भौतिक सुधार | १ लाख |
| २२ | सालमारा प्रा.वि पश्चिम ठाडो बाटो जोड्ने बाटो निमार्ण ग्राभेल | २ लाख |
| २३ | मुस्लिम वर्गको विभिन्न कार्यक्रम | ३ लाख |
| | जम्मा | ५०लाख |

**झापा गाउँपालिका वडा नं. २**

| क्र.स. | योजनाको नाम | रू अक्षरमा |
|---|---|---|
| १ | हवल्दारवस्तीमा कुलथान मन्दिर निमार्ण | २ लाख |
| २ | सुगावथान राम मन्दिर र हवल्दारवस्ती कृतन मण्डली निमार्ण | २ लाख |
| ३ | हवल्दारवस्तीमा मलामी बाटो ग्राभेल मर्मत | १ लाख |
| ४ | लक्ष्मीमार्ग देखि तेली गाउ जाने बाटो ग्राभेल | १ लाख |
| ५ | गोलमुनीमा ग्रामथान निर्माण | ५० हजार |
| ६ | सृजनाबस्तीमा ग्रामथान निर्माण | ५० हजार |
| ७ | कुवाडी वजार मश्चिम मलामी बाटो निमार्ण | ६ लाख |

झापा गाउँपालिका

| | | |
|---|---|---|
| ८ | कुवाडी ग्रमथान निमार्ण | ५० हजार |
| ९ | जगदीय परियारको पश्चिम मलामी टहरा निमार्ण | २ लाख |
| १० | सानो नदी देखि अगनसरीको घर सम्म बाटो निमार्ण | १ लाख |
| ११ | लक्ष्मी पनेरूको घर देखि टंक सुवेदीको घर सम्म बाटो निमार्ण | १ लाख |
| १२ | बरपिपल देखि नेवार गाउ सम्म बाटो ग्राभेल | २ लाख |
| १३ | हुलाकी सडक देखि विचारीको घर हुदै लक्ष्मी मार्ग सम्म मर्मत | ३ लाख |
| १४ | वालुवाटार आयुव मियाको घर सम्म बाटो ग्राभेल | १ लाख |
| १५ | वण्डर लाईफ एकेडेमी मार्ग मर्मत | १ लाख |
| १६ | सत्यनारायणको घर देखि कृषि बजार हुदै हुलाकी बाटो सम्म ग्राभेल | ३ लाख |
| १७ | झापा बजार पैनी निमार्ण | १ लाख |
| १८ | झापा बजार सौर्य बत्ती | १ लाख |
| १९ | श्री सहकारी संस्था लि. विभिन्न कार्यक्रम | २ लाख |
| २० | कुवाडी खानेपानी जाने बाटो निमार्ण | १ लाख |
| २१ | मर्मत ( वडा भित्रका विभिन्न बाटोहरू र अन्य) | ४ लाख |
| २२ | प्रत्येक प्रा.वि. लाई भौतिक सुधार (डेढ लाखका दरले) | ३ लाख |
| २३ | श्री कुवाडी मा.वि. र त्रिभुवन आ. विद्यालयलाई २/२ लाखका दरले | ४ लाख |
| २४ | श्री इलाका स्वास्थ्य चौकी मर्मत | १ लाख ५० हजार |
| २५ | विभिन्न कृषि कार्यक्रम | १ लाख |
| २६ | साविक ७ । ८ मा रहेको कृतन मण्डलीलई सामाग्री खरिद | ७५ हजार |
| २७ | साविक ६।५र९ को कृतन मण्डलीलाई बाद्य सामाग्री खरिद | ७५ हाजार |
| २८ | महिला तथा बालबालिका उत्थान | १ लाख ५० हजार |
| २९ | हुलाकी बाटो देखि सुवोद को घर सम्म बाटो ग्राभेल | १ लाख ५० हजार |
| | जम्मा | ५० लाख |

**झापा गाउँपालिका वडा नं. ३**

| क.स. | **योजनाको नाम** | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण | १५ लाख |
| २ | वडा स्तरीय मर्मत सम्भार खर्च | ५ लाख |
| ३ | भानुभक्त प्रा.वि.मा झ्याल ढोका निर्माण | १ लाख |
| ४ | स्वस्थानी प्रा.वि मा रङरोगन | १ लाख |
| ५ | नमुना प्रा.वि भवन मर्मत | १ लाख |
| ६ | सिमलबाडी आधारभूत विधालयमा घेराबेरा | १ लाख |
| ७ | वडास्तरीय कृषि तालिम तथा बिउविजन वितरण | १ लाख |
| ८ | सन्थाल समुदायलाई नृत्य सामाग्री खरिद | २५ हजार |
| ९ | महिला समुदाय मार्फत सिपमूलक तालिम तथा कार्यक्रम | ५० हजार |
| १० | खेलकुद क्लबलाई सामाग्री खरिद | २५ हजार |
| ११ | सिमलबाडी बजारमा टहरा निर्माण | ४ लाख |
| १२ | केदारको घर अगाडि ह्यमपाईप जडान | २ लाख |
| १३ | त्रिपाठी चोक पश्चिम महेन्द्र राजवंशीको घर सम्म बाटो ग्राबेल | १ लाख |
| १४ | केल्ठा चोक उत्तर ५ नं. सिमाना सम्म बाटो ग्रावेल | ३ लाख |
| १५ | मुखिया चोक पूर्व मूल बाटो सम्म बाटो ग्रावेल | १ लाख |
| १६ | कालो पत्रे पश्चिम नयाँ मस्जिद सम्म बाटो ग्रावेल | १ लाख |
| १७ | वडा नं.३ र ४ को सिमानामा साझेदारीमा पुल निमार्ण | २ लाख |
| १८ | गैरीगाउँको चर्चको झ्याल ढोका निर्माण | १ लाख |
| १९ | गैरीगाउँको रामजानकी मन्दिर रङरोगन तथा शौचालय निर्माण | १ लाख |
| २० | विर्षको घर उत्तर वैजुन घर हुँदै बाधसम्म बाटो ग्रावेल | २ लाख ५० हजार |
| २१ | लोकमानको घर पश्चिम छत्रदासको घर सम्म बाटो ग्रावेल | १ लाख |
| २२ | बहादुर टोलमा ग्रामथान निर्माण | १ लाख |
| २३ | कामाटोली पश्चिम सानोमाई सम्म बाटो ग्रावेल तथा र्ममत | २ लाख |
| २४ | धनवीर घर पूर्व चेत बहादुरको घर सम्म बाटो ग्रावेल | १ लाख ५० हजार |
| | जम्मा | ५० लाख |

**झापा गाउँपालिका वडा नं. ४**

झापा गाउँपालिका

| | योजनाको नाम | रकम |
|---|---|---|
| १ | व्यवसायिक कृषक गाई फर्महरूका लागि साझेदारी साईलेश मेशिन वितरण कार्यक्रम | २ लाख |
| २ | कृषक तथा कृषक समूहहरूलाई साझेदारीमा बोरिगं वितरण कार्यक्रम | ५ लाख |
| १ | बालविकाश केन्द्र निर्माण (पेचकारबस्ती) | १ लाख |
| १ | सायद अलिको घर दक्षिण तस्लिमको घर सम्म र तिलक कार्कीको घर सम्म, सफिकको घर पूर्व कन्ठीको घरसम्म बाटो ग्राभेल | ३ लाख |
| २ | काण्डुको बाध मर्मत गर्न | २ लाख |
| ३ | पेचकार बस्ती वोर्डर सम्म बाटो ग्राभेल | ७ लाख |
| ४ | वडा नं. ३ र ४ को सिमानामा बक्सपूल निर्माण | ४ लाख |
| १ | नबदुर्गा कृतन मण्डलीलाई सामाग्री वितरण | १ लाख |
| २ | मसानघाट घेरावारा गर्न (संन्थाल भामटोली) | २ लाख |
| ३ | भगवती थान निर्माण (चर्तागाछी) | १ लाख |
| ४ | विपन्न परिवारहरूलाई घरवत्ती विद्युतिय मिटर वितरण कार्यक्रम | १ लाख |
| ५ | विपन्न परिवारहरूको लागि आवास कार्यक्रम | १६ लाख |
| ६ | वडा स्तरिय मर्मत कोष | ५ लाख |
| | जम्मा | ५० लाख |

**झापा गाउँपालिका वडा नं. ५**

| क्र.सं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण | रु.१५ लाख |
| २ | महिला सिपमुलक तालिम कार्यक्रम | रु. २ लाख |
| ३ | कम्प्युटर तालीम कार्यक्रम | रु. १ लाख ५० हजार |
| ४ | विविध खर्च | रु. ७ लाख |
| ५ | श्री महेन्द्र मा.बि. घेरावारा | रू. २ लाख ५० हजार |
| ६ | श्री राम जानकी आ.वि. घेरावारा तथा शैक्षिक सुधार | रू. २ लाख ५० हजार |
| ७ | श्री मदरसा मिसबाहुल उलुम मु.वि. घेरावारा | रु.१ लाख ५० हजार |
| ८ | श्री मदरसा दारुसलाम घेरावारा सिमलडाँगी | रु. १ लाख |

झापा गाउँपालिका

| | | |
|---|---|---|
| ९ | खयरवारी देखी उत्तर मेचे गाउँ सम्म जाने अधुरो बाटो ग्रावेल | रु.४ लाख |
| १० | प्रमीला गणेशको घर दक्षिण बाट पस्चिम तर्फ जाने ६ नं. वडा सिमाना सम्म जाने कृषी बाटो ग्रावेल | रु.४ लाख |
| ११ | नेस महम्मदको घर देखि पुर्व वैगनवेच्चाको घर सम्म जाने कृषी बाटोमा माटो पुर्ने योजना | रु. १ लाख |
| १२ | श्री राम जानकी र शिवालय मन्दीर निर्माण पुरानो शरणामती | रू. २ लाख |
| १३ | श्री दुर्गा,काली र हनुमान मन्दीर भुई ढलाई पंन्थापाडा | रु.१ लाख |
| १४ | श्री भगवती थान घेरावारा जंगवहादुर चोक | रु.१ लाख |
| १५ | श्री ॐ शान्ती मन्दीर घेरावारा पन्थापाडा | रु.१ लाख |
| १६ | वडा नं.५ मा रहेको खातावस्तीमा रहेको चर्च घेरावारा | रु.१ लाख |
| १७ | श्री राम जानकी मन्दीर घेरावारा निर्माण राधावस्ती | रु.१ लाख |
| १८ | वडाभरी निशुल्क स्वास्थ शिविर संचालन गर्ने | रु.१ लाख |
| | जम्मा | ५० लाख |

**झापा गाउँपालिका वडा नं. ६**

| क्र.स.. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | अधुरो वडा कार्यालय भवन निर्माण | १५ लाख |
| २ | आयर्वेद औषधालयमा औषधी खरिद | १ लाख |
| ३ | चप्रमारी प्रा.वि शैक्षिक गुणस्तर सुधार | ३ लाख |
| ४ | आर्दशा जनता प्रा.वि शौक्षिक गुणस्तर सुधार | १ लाख ५० हजार |
| ५ | भृकुटी नि.मा.वि भौतिक सुधार तथा शैक्षिक सुधार | १ लाख ५० हजार |
| ६ | जनता मा.वि( शरणामति घेराबेरा | १ लाख ५० हजार |
| ७ | गुरूकुलको अधुरो भवन निर्माण प्रणमी टोल | २ लाख ५० हजार |
| ८ | ज्येष्ठ नागरिक अधुरो भवन निर्माण सानो चप्रमारी | १ लाख |
| ९ | ज्येष्ठ नागरिक अधुरो भवन निर्माण शरणामती | १ लाख |
| १० | महिलाहरूलाई सिपमूलक कार्यक्रम संचालन | ५० हजार |
| ११ | ह्याम्पाई खरिद | ३ लाख |
| १२ | वडा कार्यालय भैपारी खर्च | ५ लाख |

झापा गाउँपालिका

| | | |
|---|---|---|
| १३ | रातेहोली पैनी मर्मत सानो चप्रमारी | १ लाख |
| १४ | सुरूङ्गा नहर मर्मत | ५० हजार |
| १५ | सानोमाइ नहर मर्मत | ५० हजार |
| १६ | रानीवन घेराबेरा | १ लाख ५० हजार |
| १७ | विपन्न वर्गलाई विद्युत मिटर जडान | १ लाख |
| १८ | यामनाथ भट्टराईको घर दक्षिण बाटो मर्मत | १ लाख ५० हजार |
| १९ | सिटौला बस्तीबाट विरिङ्ग खोला जानेबाटो र बालुवाथा भित्रको टुक्राबाटो मर्मत | १ लाख ५० हजार |
| २० | ज्योतिष मार्ग देखि चेतनाथ घिमिरेको टोल जाने बाटो मर्मत | १ लाख |
| २१ | धनपत्ति रसाईलीको घर छेउबाट चन्द्र ज्योति जाने बाटो मर्मत | ५० हजार |
| २२ | चन्द्र बस्तीबाट राधा बस्ती जोड्ने बाटो मर्मत | १ लाख ५० हजार |
| २३ | पुस्पा प्रसाईको घरबाट भट्टराई बस्तीसम्म बाटो मर्मत | १ लाख ५० हजार |
| २४ | रानीवन कार्यालय पश्चिम सुकुम्बासी जाने बाटो मर्मत | १ लाख ५० हजार |
| | जम्मा | ५० लाख |

## झापा गाउँपालिका वडा नं. ७

| क्र.स. | **योजनाको नाम** | **रकम** |
|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण | १० लाख |
| २ | ह्युम्पाईप खरिद | ४ लाख |
| ३ | जायर नाथ मन्दिर निर्माण | १ लाख |
| ४ | जनकाल्यण मा.वि घेरावारा तथा शैक्षिक सधार | २ लाख |
| ५ | भूक्केमार्ग बाटो ग्रावेल | २ लाख ५० हजार |
| ६ | धन बहादुर कार्कीको घर पश्चिम बाटो ग्रावेल | १ लाख |
| ७ | मन्दिरा भट्टराईको घर पुर्व बाटो ग्राबेल | २ लाख |
| ८ | हलुवाई मार्ग बाटो ग्रावेल | १ लाख ५० हजार |
| ९ | समृद्धि मार्ग बाटो ग्राबेल | १ लाख |
| १० | गोपाल थपलियाको देखि जनता तटबन्धनसम्म बाटो ग्रावेल | १ लाख ५० हजार |

झापा गाउँपालिका

| | | |
|---|---|---|
| ११ | रानी समूदायिक वनमा माछा पोखरीसम्म जाने बाटो ग्रावेल | १ लाख |
| १२ | दुर्गा मन्दिर ढलाई तथा ट्रस निर्माण | १ लाख ५० हजार |
| १३ | टप्पु फलामे पुल उत्तर बाटो ग्रावेल | १ लाख |
| १४ | आलु खन्ने मेशिन खरिद | ३ लाख |
| १५ | दयालधाम उत्तर बाटो धनपत्ति मार्ग बाटो ग्रावेल | १ लाख |
| १६ | मलामी टहरो निर्माण वेलडागी सानोमाई | १ लाख ५० हजार |
| १७ | ग्रामथान मन्दिर निर्माण ग्वालबस्ती | ५० हजार |
| १८ | भिम बहादुर खडकाको घर पश्चिम बाटो ग्रावेल | १ लाख |
| १९ | वडा नं ६ र ७ को बांधपैनी निर्माण | १ लाख |
| २० | हाम्रो जनहित कृषि सहकारी संस्थामा विउ विजन खरिद | १ लाख |
| २१ | सारजम वाहा कृषि सहकारी संस्थालाई सिचाइ तथा विउ विजन खरिद | १ लाख |
| २२ | समादी स्थलबाट ज्योतिष मार्ग जोडने बाटो खन्ने | १ लाख |
| २३ | दुर्गा बोहोराको घर जाने बाटो ग्रावेल | ५० हजार |
| २४ | किशोर श्रेष्ठको घर जाने बाटो ग्राबेल | ५० हजार |
| २५ | धनपत्ति सुवेदीको घर पश्चिम बाटो ग्रावेल | १ लाख |
| २६ | जलपादेवि मन्दिर गेट निर्माण | १ लाख ५० हजार |
| २७ | सुब्रत राईको घर पुर्व लुख्खीराम बाटो ग्रावेल | ५० हजार |
| २८ | जनम घुटू दक्षिण बाटो ग्रावेल | १ लाख |
| २९ | वडा स्तरिया मर्मत संभार तथा विविध खर्च | ४ लाख |
| | जम्मा | ५० लाख |

**सभाध्यक्ष महोदय,**

**सीमित बजेटबाट गाउँपालिकाको समग्र विकास सम्भव नहुने सर्वविदितै छ। यसर्थ यस गाउँपालिकाको बजेटबाट संचालन हुने देहायका योजना तथा कार्यक्रमहरु संघीय तथा प्रदेश सरकार सँग बजेट विनियोजनका लागि माग गरिएको व्यहोरा जानकारी गराउँदछु।**

**क. झापा गाउँपालिका ले संघीय सरकारसँग माग गर्ने योजनाहरु :**

१.आदिवासी ,जनजाति,मधेसी,मुस्लीम,दलीत लगायत विपन्न वर्गका लागी आवास निर्माण ।

२. लक्ष्मीमार्ग कन्काई देखी भारतको बार्डरसम्म कालोपत्रे ।

३ं सामुदायिक भवन कामाटोली बजारमा निर्माण वडा नं ३ ।

४.खालिङ फर्निचर देखी पन्थापाडा १८ नं भारतको पिल्लरसम्म कालोपत्रे ।

५.अमरपथ चोकदेखी राधाबस्ती हुँदै वोर्डरसम्म कालोपत्रे ।

६. फुलगाछी देखी वियर फ्याक्ट्रीसम्म कालोपत्रे ।

७. पिच्कारनी बस्ती देखी कामाटोलीसम्म कालोपत्रे ।

८.सेतुमारी देखी सालमारासम्म कालोपत्रे ।

९. वडा नं. १ को लसुनगन्ज सालमारा जाने बाटोको सानोमाइ खोलामा पक्की पुल ।

१०. कामाटोली बजारदेखी निखील चोक हुदै सिमलबाडी सम्म कालोपत्रे ।

११. सडकवाडी देखी सिमलवाडी सम्म कालोपत्रे मर्मत(सडकवोर्ड संग माग गर्ने)

१२.बिरीङ नदी,कन्काई नदी,सानोमाई नदी तटबन्धनका लागी माग गर्ने ।

**ख. झापा गाउँपालिका ले प्रदेश सरकारसँग माग गर्ने योजनाहरु :**

१.सबै वडामा सिचाईका लागी स्यालोटेवल जडान १००० थान ।

२. गाउँपालिका भरी मकै जोन बनाउन आवश्यक रकम ।

३. गाउँपालिका भरी धान जोन बनाउन आवश्यक रकम ।

४. विद्युत विस्तार गाउँपालिका भरी ।

५. सानोमाई सिचाई ३ स्थानमा ।

६. झापा बजार,कामाटोली र सिमलवाडीमा टहरा निर्माण ।

७. कामाटोली देखी सिमलवाडी जाने सानोमाईको पक्की पुलमा ढुङ्गा जालीको व्यवस्था ।

८. महिलाहरुको लागी आयआर्जन र विभिन्न किसिमका क्षमता अभिवृद्दि तालिम माग गर्ने ।

९. पशु पालन अन्तगर्त किसानहरुको लागी ७ स्थानमा पकेटक्षेत्र माग गर्ने ।

१०.वालुवाटार, श्रृजनावस्ती,सानोमाईमा पक्कीपुल ।

११. किराँतचोक देखी मदरगाछ जाने बाटोमा पक्की पुल ।

१२. सिमलवाडी देखी टप्पुजाने खोल्सीमा पक्कीपुल ।

१३. होक्लाबारी खोल्सीमा पक्की पुल ।

१४. सेतुमारी देखी मिलनबस्ती जाने सानो माईमा झोलुङ्गे पुल ।

१५. श्रृजनावस्ती बाट बालुवाटार जाने सानो माईमा झोलुङगे पुल ।

१६. श्याम सुन्दर बगानदेखी गैरीगाउँ जाने सानो माईमा झोलुङ्गे पुल ।

१७. ग्रहणलाल बाध बाट नयाँटोल जाने खोल्सीमा झोलुङ्गे पुल ।

१८. राधावस्ती देखी चकचकी जाने विरीङ खोलामा झोलुङ्गे पुल ।

१९. बालुवथान देखी डाँगीबारी जाने विरीङ खोलामा झोलुङ्गे पुल ।

२०. बेलडाँगी पुर्व सानोमाईमा झोलुङ्गे पुल ।
२१. अमरपथ, मुखियागाउँ, गणीतगाउँ, खार्मेलीचोक, दोसाखी हुँदै झापाबजार कालोपत्रे ।
२२. दुग्ध चिस्यान केन्द्र स्थापना, कामाटोली ।
२३. कोल्ड स्टोर स्थापना, कामाटोली ।
२४. मकै ड्राई मेसिन स्थापना, कामाटोली ।

**ग. प्रधानमन्त्री रोजगार कार्यक्रम का योजनाहरु :**

१.वडा नं. १ को लसुना, मिलनवस्ती, लसुनगन्ज, विरसिंह गाउँ, कृषीमार्ग, पानालाल गाउँ बाटो मर्मत ।
२. वडा नं. २ कुवाडी, सडकवाडी, झापाबजार, श्रृजनाबस्ती, सुगाबथान, हवल्दार बस्ती बाटो मर्मत ।
३. वडा नं. ३ को कामाटोली गैरीगाउँ, लालमोहर, ज्यामिरेचोक, सिमलबाडी, मखियाचोक, गणीतचोक, गोपीचोक, पर्वतगाउँका बाटो मर्मत ।
४ वडा नं ४ को चर्तागाछी, दोसाखी, पेच्कारनी बस्ती, खैरवारी, भाङटोली, टागनडुब्बा सडक मर्मत ।
५. वडा नं ५ को पुरानो शरणामती, राधावस्ती, पन्थापाडा, होक्लावाडी, मुस्लीमगाउँ सडक मर्मत ।
६. वडा नं ६ को चन्द्रावस्ती, दुर्गाचोक, बालुबथान, चन्द्रकिता, नयाँवस्ती, सानो चप्रामारी, झाँटी, फुलगाछी बाटो मर्मत ।
७. वडा नं ७ को मदरगाछ, जनमघुटी, पिपलचोक, बेलडाँगी, टप्पु, चौधरीटोल लगायत बिभिन्न ठाउँमा बाटो मर्मत ।
८. बृक्षारोपण ७ वटै वडाका बिभिन्न स्थानमा ।
९. रानीबनमा पोखरी निर्माण तथा मर्मत ।
१०.पर्यटन विकासका लगी बिभिन्न कार्याक्रम ।
११. सवै वडाका पैनीहरु तथा बाँस पुले, काठका पुलहरु मर्मत ।
१२. स्वास्थ्य चौकीहरु मर्मत तथा अन्य कार्य, योग अस्थाई टहरा निर्माण ।
१३. कन्काईको सिमानादेखी बोर्डरसम्म लक्ष्मीमार्ग मर्मत ।

**सभाध्यक्ष महोदय,**

हिजोको केन्द्रीकृत विकास प्रक्रियाले अवरोध गरेको विकासको गतिलाई तीब्र बनाउने गहन जिम्मेवारी स्थानीय तहको निर्वाचनमार्फत जनताले हामीलाई सुम्पिएको चौथो वर्षमा प्रवेश गरिरहदाँ हाम्रा लागि थुपै चुनौति तथा अवसरहरु विद्यमान छन् । परिवर्तित सन्दर्भमा विकासका ढोकाहरु प्रशस्तै खुलेतापनि जनताका विकासका चाहनाहरु झनझनै चुलिदैं गएका छन् । यी विद्यमान परिस्थितिहरुको बीचमा रहेर यस गाउँपालिकाको भविष्यसँग जोडिएको बजेटमा सबै विषय समेट्न सक्नु आफैंमा एउटा ठूलो चुनौतीको रुपमा रहेको छ । यद्यपि सकेसम्म सबै वर्ग क्षेत्र समुदाय र विषयसँग सम्बन्धित रहेर यस बजेटलाई समावेशी र सन्तुलित बनाउन अधिकतम प्रयत्न गरेको यहाँहरु सबैलाई पुन हार्दिकतासाथ अनुरोध गर्दछु ।

झापा गाउँपालिका

गाउँपालिकाको भौतिक ,सामाजिक, साँस्कृतिक, आर्थिक, पूर्वाधार विकास एवं संस्थागत विकासको खुड्किलोको रुपमा रहने उपरोक्तानुसारको बजेटको कार्यान्वयन प्रभावकारी बनाउनु अबको प्रमुख आवश्यकता हो । प्रस्तुत बजेटलाई तोडमोड नगरी सम्बन्धित शीर्षकमा समयमा नै कार्यान्वयन गर्न गराउने पूर्ण आशाका साथ सबैमा अपिल गर्दछु । असारे विकासको प्रतिफल तपाई हामी सामु छर्लङ्गै भएकाले आगामी आ.व.को सुरवातदेखि नै तपाई हामी बजेट कार्यान्वयनमा लाग्न र समयमा नै योजना तथा कार्यक्रम सम्पन्न गर्न गराउन सबैमा अनुरोध गर्दछु । उपभोक्ता समितिलाई जिम्मेवार बनाउनका लागि हामी जनप्रतिनिधिहरुले अनुगमनलाई प्रभावकारी र कडाइ गर्न सके हामीले खोजेको विकासको स्तर पाउन त्यती धेरै कुर्नु पर्दैन, यसर्थ यस कार्यमा हामी सबै लागि पर्न विशेष आग्रह गर्दछु । कोरोना संक्रमणको जोखिम एवं अन्य कारणले बजेट कार्यान्वयनमा केही अप्ठ्यारो भएतापनि आगामी आ.व.मा विगतका समस्या तथा भोगाइबाट पाठ सिक्दै प्रभावकारी कार्यान्वयनमा सबैको सहयोग भन्ने अपेक्षासमेत गर्दछु । चालु आ.व.को बजेट कार्यान्वयनमा आआफ्नो क्षेत्रबाट योगदान गर्नुहुने सम्पूर्ण उपभोक्ताहरु, अनुगमनकर्ताहरु तथा सरोकारवालाहरुमा आभार प्रकट गर्दछु एवं आगामी आ.व.मा थप सक्रियताको अपेक्षा समेत गर्दछु ।

सभाध्यक्ष महोदय एवं गाउँसभा सदस्य ज्यूहरु,

विकासमा सामूहिकता र साझेदारीले दिगो र अपनत्वको बोध गराउदछ । । हामीले यस कुराको सन्देश सबैलाई दिन सक्नुपर्दछ । भिन्नभिन्न राजनीतिक पृष्ठभूमिका बाबजुत एकै थलोमा उभिएका हामीले विगतमा जस्तै गाउँपालिकाको विकासका लागि एकताबद्ध भएर अघि बढ्न सक्नुपर्दछ ।

सभाध्यक्ष महोदय,

समग्र अर्थव्यवस्था नै जोखिमको अवस्था रहेको यस्तो विषम परिस्थितिमा समेत अनुदानको प्रतिबद्धता जनाउने संघीय तथा प्रदेश सरकार , दातृ निकाय तथा अन्य साझेदार सस्थाहरु, बजेट निर्माणमा आवश्यक मार्गदर्शन गर्नुहुने यस गाउँपालिकाका अध्यक्ष ज्यु, कार्यपालिकाका सदस्यज्यूहरु, विषयगत समितिका मित्रहरु, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरु, नागरिक समाजका महानुभावहरु, विद्धान तथा बुद्धिजीविहरु, गाउँकार्यपालिकाका कार्यालय र मातहतका सबै कर्मचारीहरु तथा यस गाँउपालिकाको विकासमा सरोकार राख्ने विकासप्रेमी सबैमा हार्दिक आभार व्यक्त गर्दछु ।

यस बजेटले झापा गाउँपालिकाको समृद्धिको यात्रालाई अझ गतिशील बनाउने विश्वासका साथ कार्यान्वयनका लागि बिशेष अपिल गर्दछु । धन्यवाद ।

कुन्तीदेवी बुढाथोकी
उपाध्यक्ष
मिति : २०७७ असार १० गते

झापा गाउँपालिका

झापा गाउँपालिका